काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०६/२८

श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समूह, बुद्धभूमि न.पा.-५ र ४, मगुरगढ, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व. २०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल, सिसौं, जामुन, खयर लगायत जातको गोलिया थान ८७७ को १९२५.३३ क्यु.फि. काठ र साल, सिसौं तथा अन्य जातको ४ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनसम्ममा बोलपत्र खरिद गरि १६ औं दिनभित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समूह

बुद्धभूमि न.पा.-५ र ४, मगुरगढ, कपिलवस्तु